अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८२।०१।०५ गते।

प्रेस विज्ञप्ति

विषयः प्रतिवादी सुरेन्द्र बहादुर बिष्टसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट शैल्यशिखर नगरपालिकाका निमित्तप्रमुख प्रशासकीय अधिकृतका **सुरेन्द्र बहादुर बिष्ट** समेतका प्रतिवादी उपर आ.व. २०७४/७५ र आ.व. २०७५/७६ मा संचालित पनेबाज बन्तोली बगौरा सडक खन्ने कार्यमा फिल्डको वास्तविक तथ्य बग्याई भए गरेको कार्य भन्दा बढी तथा साईटमा नगरे/नगराएको परिमाणको झुठा बिल भर्पाई तथा कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिम कसुर गरेको देखिंदा बढी भुक्तानी दिएको रु.२६,०२,५५६।११ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी सोही दफा बमोजिम बिगो रकम असुल उपर हुन विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा मिति २०८०।११।२२ को फैसलाबाट सफाई दिएकोले उपरोक्त फैसलाउपर मिति २०८२।०१।०५ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल